# आसन्न चाडबाडका समयमा आपूर्ति व्यवस्थापन, २०७७

**(क) खाद्यान्न**

१. देशभर खाद्यान्न आपूर्तिको स्थिति सामान्य रहेको छ।

२. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले दुर्गमका जिल्लाहरूमा ढुवानी गर्दै आएको खाद्यान्नको मौज्दात हाललाई पर्याप्त नै रहेको छ। हाल दुर्गमका २३ जिल्लाहरूमा करिब १५,००० क्वीण्टल खाद्यान्न मौज्दात रहेको छ। दुर्गमका जिल्लाहरूमा खाद्यान्न ढुवानीको कार्य निरन्तर रहेकाले खाद्यान्न अपुग हुने स्थिति छैन। आवश्यकता अनुसार कतिपय जिल्लाहरूमा हवाई ढुवानी समेत गरिएको छ।

३. देशका अन्य भागमा खाद्यान्नलगायतका उपभोग्य वस्तुको आपूर्ति सहज नै छ। दशैं, तिहार र छठसम्म खाद्यान्नको अभाव हुने स्थिति छैन।

४. हाल देशभर १ लाख १६ हजार मेट्रिक टन चामल मौज्दात छ, जसमध्ये खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग १४ हजार मेट्रिक टन र निजी क्षेत्रसँग १ लाख २ हजार मेट्रिक टन उपलब्ध छ। धान काट्ने समय शुरु भएको र केही खाद्यान्न आयात पनि भइरहेकाले खाद्यान्न आपूर्तिमा समस्या छैन।

५. असोज महिनामा प्रतिदिन औसत ५ हजार ७ सय मेट्रिक टन खाद्यान्न आयात भएको छ। असोज २५ गते मात्र ८ हजार मेट्रिक टन खाद्यान्न आयात भएको थियो।

६. त्यसैगरी असोज महिनामा दाल तथा गेडागुडी प्रतिदिन औसत ७ सय मेट्रिक टन आयात भएको छ। असोज २५ गते मात्र १ हजार २ सय मेट्रिक टन दाल तथा गेडागुडी आयात भएको थियो।

**(ख) नून**

७. साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग १ लाख ४५ हजार मेट्रिक टन नून मौज्दात छ, जुन ९ देखि १० महिनाको माग धान्न पर्याप्त छ।

**(ग) चिनी**

८. आर्थिक वर्ष २०७६/७७ मा चिनीको उत्पादन कम भएको र आयात पनि नभएकाले केही महिना अगाडि चिनीको उपलब्धतामा केही समस्या आउने देखिएकोमा हाल सो समस्याको समाधान भएको छ। नेपाल सरकारको निर्णय अनुसार साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले २० हजार मेट्रिक टन र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले १० हजार मेट्रिक टन चिनी आयात गर्ने प्रक्रिया शुरु गरेका छन्, जसमध्ये यही हप्तादेखि साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले आयात गरेको चिनी उपलब्ध हुन थाल्नेछ।

९. यसैगरी निजी क्षेत्रले समेत केही परिमाणमा चिनी आयात गरी बिक्री वितरण गर्न थालेकाले हाल बजारमा चिनीको अभाव छैन।

### (घ) फलफूल तथा तरकारी

१०. फलफूल तथा तरकारीको आपूर्ति स्थिति सामान्य नै छ। तथापि चालु वर्ष नेपालमा तरकारीको उत्पादन कम भएको र आयातीत तरकारीमा नै भर पर्नुपर्ने भएकाले मूल्यमा केही वृद्धि भएको छ।

११. असोज महिनमा प्रतिदिन औसत १ हजार ९ सय मेट्रिक टन आयात भएको छ। असोज २५ गते मात्र २ हजार ७ सय मेट्रिक टन तरकारी आयात भएको छ।

१२. नेपालमा हुने प्याजको उत्पादन अपुग हुने र भारत सरकारले प्याजको निकासीमा प्रतिबन्ध लगाएका कारण प्याजको आपूर्ति र मूल्यमा भने केही समस्या देखिएको छ। प्रत्येक वर्ष जसो यही समयमा भारतले प्याजको निकासी प्रतिबन्ध लगाउने गरेकाले हाम्रो उत्पादन वृद्धि गर्न पहल गर्नुपर्ने अवस्था देखिन्छ।

१३. फलफूलको मूल्यमा सामान्यबाहेक उतारचढाव देखिएको छैन। तथापि थोक बिक्रेताबाट खुद्रा बिक्रेतासम्म आइपुग्दा हुनसक्ने मूल्यवृद्धिलाई नियन्त्रण गर्न अनुगमन बढाइएको छ।

१४. फलफूलको आयात पनि निरन्तर भइरहेकाले त्यसमा समस्या देखिएको छैन। असोज महिनामा प्रतिदिन औसत ३७० मेट्रिक टन फलफूल आयात भएको छ। चाडबाडको समय नजिकिंदै जाँदा फलफूलको आयात अझ बढ्ने प्रवृत्ति देखिएको छ असोज २५ गते मात्र ७०० मेट्रिक टन फलफूल आयात भएको छ।

१५. आसन्न चाडबाडका समयमा फलफूल तथा तरकारीको आपूर्ति सामान्य नै रहने अवस्था छ।

### (ङ) मासुजन्य पदार्थ

१६. नेपाल सरकारले मासुजन्य पदार्थ वृद्धि गर्न केही वर्षअगाडि शुरु गरेको कार्यक्रमको प्रतिफल देखिन थालेकाले हाल खसी, बोकाको उत्पादनमा वृद्धि भएको छ। पशु सेवा विभागले दिएको जानकारीअनुसार स्वदेशमै उत्पादित खसी, बोकाले बजारको मागको करिब ९५ प्रतिशत धान्नसक्ने स्थिति बनेको छ। यो वर्ष मागमा सामान्य कमी देखिन सक्ने भएकाले नेपालकै उत्पादन पर्याप्त हुने देखिन्छ।

१७. यो आर्थिक वर्षको अन्त्यसम्ममा लगभग १०० प्रतिशत माग नै धान्नसक्ने स्थिति छ। क्वारेण्टाइन जाँच शुरु गरिएपछि २०७५ फागुनदेखि खसी, बोकाको आयातमा भारी गिरावट आएको छ।

१८. काठमाडौं उपत्यकामा दैनिक १,००० देखि १,२०० खसी बोकाको माग रहेको र दशैंको समयमा करिब ४०,००० खसी, बोका आवश्यक पर्ने गरेको आँकलन छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट खसी, बोका १ हजार एवं च्याङ्ग्रा १ हजार गरी माग अनुसार खसी, बोका आपूर्ति गर्ने लक्ष्य राखिएको छ। बजारको स्थिति हेरी थप खसी, बोका आपूर्ति गर्न पशु सेवा विभागसँग समन्वय गरिएको छ।

१९. नेपालभित्रैबाट खसी, बोका काठमाडौं ल्याउँदा विभिन्न नाकाहरूमा हुने अवरोध र शुल्क व्यवस्थापनका लागि सम्बन्धित पक्षसँग समन्वय हुनुपर्नेछ।

२०. काठमाडौं उपत्यकामा दैनिक २०० राँगा तथा भैंसीको माग रहेकोमा दशैंको समयमा २,००० राँगा, भैंसी आवश्यक पर्ने आँकलन छ। तर कोभिडका कारण मागमा केही कमी आउने देखिएको छ। देशभित्रबाट करिब ७०० राँगा, भैंसी मात्र आपूर्ति हुने भएकाले बाँकी आयात गर्नुपर्ने अवस्था छ। भारतबाट Health Certificate जारी भई आएका राँगा, भैंसीको आयातमा समस्या नभएता पनि त्यसले माग धान्न अपर्याप्त हुने देखिएकाले पशु सेवा विभागसँग समन्वय गरिएको छ।

२१. मासुजन्य पदार्थमध्ये माछा, अण्डा, कुखुरा र बंगुरको आपूर्तिमा समस्या देखिएको छैन र दशैंमा यिनको अभाव हुने स्थिति छैन। कुखुराको मासुको मूल्य तीन वर्षयताकै न्यून बिन्दुमा पुगेको छ।

**(च) इन्धन**

२२. हाल पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या छैन। पेट्रोलियम पदार्थको आयात सुचारु छ।

२३. कोभिडका कारण चैत बैशाख महिनामा पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा भारी गिरावट आई प्रति ब्यारेल १५ अमेरिकी डलरसम्म पुगेको कच्चा तेलको मूल्य हाल ४५ अमेरिकी डलरको हाराहारीमा पुगेको छ।

२४. गत वर्षको तुलनामा पेट्रोलियम पदार्थको मूल्य घटेको छ। नेपालले भारतको इण्डियन आयल कर्पोरेशनबाट पेट्रोलियम पदार्थ खरिद गर्ने र उसले प्रत्येक १५ दिनमा मूल्यसूची अद्यावधिक गर्ने भएकाले आगामी १५ दिनसम्म मूल्यमा वृद्धि हुने अवस्था छैन।

२५. भारतको मोतीहारीदेखि अमलेखगञ्जसम्म निर्माण गरी सञ्चालनमा ल्याइएको पेट्रोलियम पाइपलाइनबाट डिजेलको निर्बाध आपूर्ति भइरहेकाले डिजेलको आपूर्ति र मूल्य दुवैमा सकारात्मक प्रभाव परेको छ। गत वर्ष रु. १०० प्रति लिटरको हाराहारीमा रहेको डिजेलको मूल्य हाल प्रतिलिटर रु. ९० को हाराहारीमा छ।

२६. गत वर्ष रु. ९० रहेको आन्तरिक हवाई इन्धनको मूल्य हाल रु. ६५ छ भने अन्तर्राष्ट्रिय हवाई इन्धनको मूल्य गत वर्ष प्रति किलोलिटर अमेरिकी डलर १,०५० रहेकोमा हाल अमेरिकी डलर ८६८ रहेको छ।

२७. खाना पकाउने ग्याँसको मूल्य र आपूर्ति स्थिर छ। नेपालमा मासिक ४० हजार मेट्रिक टन ग्याँसको खपत हुने गरेकोमा हाल ४० हजार मेट्रिक टनभन्दा केही बढी नै आयात भइरहेको छ। चाडबाडको समय र जाडोयाममा ग्याँसको खपत बढ्ने भएता पनि इण्डियन आयल कर्पोरेशनसँग मासिक ४५ हजार मेट्रिक टन ग्याँस उपलब्ध गराउन अनुरोध गरिएकाले समस्या पर्ने देखिँदैन। यसका साथै विद्युत आपूर्तिमा सुधार भएका कारण पनि खाना पकाउने ग्याँसको अभाव हुने स्थिति छैन।

**(छ) सहुलियत मूल्य पसल**

२८. बजार मूल्यलाई निश्चित सीमाभित्र राख्न र आम जनतालाई आसन्न चाडपर्वहरूमा सहुलियत मूल्यमा खाद्यान्न, नून, चिनी एवं दुग्ध पदार्थहरू उपलब्ध गराउन यही असोज १५ गतेदेखि आगामी मंसीर ६ गतेसम्मका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेशन र दुग्ध विकास

संस्थानको सहभागितामा ७७ स्थानमा सहुलियत पसल सञ्चालन गरिएको छ। यसले एकातिर चाडबाडका समयमा ती वस्तुहरूको मूल्य अस्वाभाविक रूपमा बढ्न नदिन सन्दर्भ मूल्य प्रदान गर्दछ भने अर्कातिर आम उपभोक्ताले सहुलियत दरमा खाद्यान्न लगायतका वस्तुहरू प्राप्त गर्नसक्ने अवसर प्रदान गरेको छ। यी पसलहरूमा चिनी प्रति किलोग्राम रु. ७० मा बिक्री भइरहेको छ।

२९. विगतमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेशन र दुग्ध विकास संस्थानका उत्पादन र वस्तुहरू आ-आफ्नो बिक्री कक्षबाट मात्र बिक्री वितरण हुँदै आएकोमा हाल एक अर्काका उत्पादन (दुग्ध विकास संस्थानको हकमा घ्यू) सबै बिक्री कक्षबाट समेत बिक्री हुने व्यवस्था मिलाइएको छ।

**(ज) बजार अनुगमन**

३०. आसन्न चाडबाडको समयमा खाद्य पदार्थमा हुनसक्ने मिसावट, मूल्यवृद्धि र कृत्रिम अभावजस्ता क्रियाकलापलाई निरुत्साहित गर्न बजार अनुगमनलाई तीव्र पारिएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संक्षण विभागमा कार्यरत कर्मचारी अपुग हुने भएकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट थप कर्मचारी काजमा ल्याई अनुगमनमा खटाइएको छ।

३१. कोभिड-१९ को संक्रमणबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका कर्मचारीहरू समेत प्रभावित भएका छन्। मन्त्रालयमा १५ जना र विभागमा १२ जना संक्रमित भएका कारण कर्मचारीको अभाव भएता पनि अनुगमनमा कमी आउन नदिने प्रयास गरिएको छ।

३२. अनुगमनका लागि आवश्यक सुरक्षाकर्मीका लागि गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सहयोग हुनुपर्नेछ। केही महिना अघि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा रहने गरेको प्रहरीको डेडिकेटेड टीम हटाइएको र अर्को टीम नपठाइएकाले समस्या भएको छ।

३३. प्रदेश र स्थानीय तहमा अनुगमनलाई प्रभावकारी बनाउन समन्वय गरिएको छ। सबै स्थानीय प्रशासनमा तोकिएका निरीक्षण अधिकृतले उपभोक्ता संरक्षण ऐन र नियम बमोजिम अनुगमन र कारबाहीको अधिकार प्रयोग गरेका छन्।

३४. काठमाडौं उपत्यका बाहिर पनि अनुगमनलाई तीव्र पारिएको छ। वाणिज्य कार्यालय भएका जिल्लाहरूमा सो कार्यालय एवं स्थानीय प्रशासनबाट र अन्य स्थानमा स्थानीय प्रशासनबाट नियमित अनुगमन हुने गरेको छ।

३५. यस्तो अनुगमनलाई चाडबाडको समयमा मात्र सीमित नगरी वर्षैभरि निरन्तरता दिइएको छ।

३६. हालै केही म्याद नाघेका केही खाद्यवस्तुको रि लेबलिङ गरी पुन: बजारमा बिक्री वितरणका लागि पठाउने गरेका केही व्यापारिक फर्महरूलाई कारबाहीको दायरामा ल्याइएको छ। यस्तो कार्यको प्रभावकारी अनुगमन गरिएको छ।

**(झ) खाद्यान्न सम्बन्धी अन्य व्यवस्था**

३७. धानबाली भित्र्याउने समय नजिकिंदै गरेको र सो समयमा धानको मूल्यमा गिरावट आउने भएकाले किसानहरूले आफ्नो फसलको उचित मूल्य नपाउने विगतको अनुभवलाई दृष्टिगत् गरी यस वर्ष धानबाली लगाउनुपूर्व नै धानको न्यूनतम समर्थन मूल्य तोकिएको छ। यस अनुरूप खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिदको प्रक्रिया शुर गरेको छ। कम्पनीको आफनै गोदाम एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहयोगमा खरिद गरिएको धानको भण्डारण गर्ने व्यवस्था मिलाइनेछ।

३८. कम्पनीको स्वामित्वमा रहेका गोदामहरूको मर्मत सम्भार एवं थप भण्डारणको कार्य अगाडि बढाइएको छ।